जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ९४ २०८० साल कात्तिक २३ गते बिहीबार (9 Nov. 2023 Thursday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : भूकम्पपीडित अझै पाएनन्.. ३ पृष्ठमा : राष्ट्रिय गौरवको आयोजनाका ३ पृष्ठमा : इन्टरनेट र फोन सेवाबाट एक करोड.

## जसपा सप्तरीको आन्तरिक विवाद उत्कर्षमा

# असन्तुष्ट पक्षद्वारा समानान्तर जिल्ला समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, २२ कात्तिक ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीमा आन्तरिक विवाद उत्कर्षमा पुगेको छ । पार्टीका असन्तुष्ट पक्षधरले बुधबार राजविराजमा जिल्ला स्तरिय भेलाको आयोजना गरेको छ । सो भेलाले समानान्तर जिल्ला समिति समेत गठन गरेको छ ।

जिल्ला समिति समितिका उपाध्यक्ष रहेका उमेश प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भेलाले उनकै नेतृत्वमा ५७ सदस्यीय जिल्ला कार्य समिति पनि गठन गरेको छ ।

यसअघि जसपाका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले सूचना जारि गरि भेला जिल्ला समितिको आधिकारीक नभएको भन्दै भेलामा सहभागि नहुन सम्पूर्ण नेता कार्यकर्तालाई निर्देशन समेत दिएका थिए । उनले असन्तुष्ट पक्षलाई भेला नगर्न तथा उक्त भेला अवैधानिक र केही व्यक्तिको स्वार्थपूर्तीका लागि हुन लागेको भन्दै स्थानीय नेता तथा कार्यकर्तालाई सहभागि नहुन सूचनामा जनाएका थिए ।

तर, सो सूचना विपरीत बुधबार असन्तुष्ट पक्षले जिल्ला कार्य समितिकै ब्यानर राखेर ब्यापक सहभागितामा जिल्ला स्तरिय कार्यकर्ता भेलाको आयोजना गरेपछि विवाद उत्कर्षमा पुगेको हो । जिल्ला समन्वय समितिको सभाकक्षमा आयोजित भेलामा जिल्ला, प्रदेश र केन्द्रसम्मका नेता सहभागि भए । असन्तुष्ट पक्षको भेलामा गत स्थानीय तहको निर्वाचनमा जसपाका तर्फबाट नगर प्रमुख तथा गाउँपालिका अध्यक्षका उमेदवार बनेका १८ मध्ये १३ पालिका उमेदवार पनि सहभागि थिए ।

भेलाका प्रमुख अतिथि जसपाकी राजनीतिक कार्यसमिति सदस्य एवं पूर्वमन्त्री रेणु यादवले पार्टी भित्र आन्तरिक प्रजातन्त्र कायम गर्न तथा पार्टीको गिरदो साखलाई जोगाउन आफूहरु बिद्रोहमा उत्रेको बताईन् । आफूहरुको बिद्रोह नेतृत्वमा देखिएको तानाशाही प्रवृती तथा पार्टीलाई जिवन्तता प्रदान गर्नका लागि भएको उनको भनाई छ ।

जिल्लादेखी केन्द्रमा नेतृत्व गर्नेहरुले लोकतान्त्रिक विधी त्यागेर मनोमानी र एकलौटी ढंगले हिड्दा पार्टीको जनाधार कमजोर बन्दै गएको तथा कार्यकर्ता र समर्थकमा नैराश्यता बढ्दै गएको उनले बताईन् । पार्टीमा आमूल परिवर्तनको आवश्यकता औंल्याउँदै उनले यसका लागि अब नयाँ ढंगले अघि बढ्ने उद्घोष गरिन् ।

जसपाका मधेश प्रदेश कमिटिका उपाध्यक्ष शम्भु झाले संगठन कसरी बलियो बनाउने भन्दा पनि नेतृत्वले आसेपासेलाई बलियो बनाउने तिर बढी ध्यान केन्द्रित गरेको र इमान्दार कार्यकर्तालाई पाखा लगाउँदै गरेको आरोप लगाए । उनले निर्वाचनको उम्मेदवारी दिने अघिल्लो दिनसम्म पार्टी अध्यक्ष उपेन्द्र यादवले आफू कहाबाट चुनाव लड्ने भनी निर्णय लिन नसकेका कारण उनी आफ्नै कमजोरीले सप्तरी २ बाट गत संसदीय निर्वाचनमा पराजित बन्नु परेको जिकिर गरे ।

जनता र कार्यकर्ताको भावना बिपरीत नेतृत्व एकलौटी ढंगले निर्णय गर्ने अनि जबरजस्ती लाद्न खोज्ने र त्यही कारणले पार्टीको अवस्था खस्किदै गएकाले नेतृत्वलाई सही दिशामा ल्याउन पनि हामी अघि बढ्को बताए । उनले आफ्नो गुट वा आसेपासेलाई च्यापेर पार्टीको नेता बन्ने दुरसाहस नगर्न समेत नेतृत्व बर्गलाई सचेत गराए ।

उमेश प्रसाद यादवको अध्यक्षतमा आयोजित भेलामा जसपा राजनीति समिति एवं मधेश प्रदेशका पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्वसांसद डा. सूर्यनारायण यादव, जसपाका केन्द्रिय सदस्य दिपक यादव, जगदेव यादव, समाजवादी यूवा संघका जिल्ला अध्यक्ष शिवम यादव, यूवा नेता निरज मुक्ति, सत्यनारायण यादव, मो. शबिर, निलेश झा, दयानन्द गोइत, भिमराज यादवलगायतले पनि नेतृत्वमा रहेको कमजोरीका कारण पार्टी धरासायी हुन थालेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

**मंगलमय शुभकामना**

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

**मंगलमय शुभकामना**

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।






**इर्साद अन्सारी**
**युवा नेता**
**नेपाली काँग्रेस**

## सम्पादकीय

### युवाहरुमा क्रिकेट मोह बढ्दै

नेपालका यूवाहरुको अहिले क्रिकेटमा मोह निकै बढ्दै गएको छ । यति मात्र नभएर अहिले उनीहरु क्रिकेटमै भविष्य खोज्दै छन् । कीन पनि नहोस् नेपाली क्रिकेट टोली सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रुपमा आयोजना हुने आईसिसी पुरुष टी-२० विश्वकपका लागि नेपाल छनोट भएको छ । नेपाली क्रिकेट खेलाडीहरुले गरेको राम्रो प्रयासले अहिले नेपाल विश्वमै क्रिकेटका लागि नयाँ पहिचान बनाउन सफल भएको छ ।

नेपालमा क्रिकेटको क्रेज दुई दशक बढेको हो । विगतमा मुलुकमा क्रिकेट राष्ट्र भित्र मात्र सीमित थियो । तर, अहिले नेपाली क्रिकेटहरुकै कारण अन्तर्राष्ट्रियस्तरमै आफ्नो छुट्टै पहिचान बनाउ सफल भएको छ । क्रिकेटको क्रेज सबैभन्दा बढी भारतमा देखिएको छ । अहिले भारतमा जागिर भन्दा पनि बढी क्रिकेटमै भविष्य देख्ने युवाहरु निकै अगाडी छन् । उनीहरु आफ्नो न्युनतम शैक्षिक योग्यता हासिल गरेर क्रिकेटमै ध्यान दिने गरेको देखिन्छ । नेपालमा विगतमा त्यस्तो नदेखिए पनि वर्तमान अवस्थामा क्रिकेटको क्रेज यहाँ पनि निकै देखिन थालेको छ । तर, सरकारले क्रिकेटलाई प्राथमिकतामा नराखेपनि अहिले सोही खेलका कारण नेपालको पहिचान अन्तर्राष्ट्रियस्तरमा बढेपछि सरकार पनि सो प्रति अग्रसर भएको छ ।

यद्पी मुलुकमा क्रिकेटका लागि गतिलो खेलमैदान नहुनु, खेलाडीलाई प्रोत्साहन नदिनु, खेलाडीको भविष्यको सुनिश्चितता नहुन लगायतका कारणले यो खेल कतै जोखिममा त पर्दैन भन्ने आंशका पनि छ । तसर्थ क्रिकेटमा भविष्य खोज्ने यूवाहरुका लागि सरकारले गम्भिर हुनु आवश्यक छ भने उनीहरुको भविष्यको सुनिश्चितताका लागि सरकार अग्रसर हुनु पनि उत्तिकै आवश्यक छ ।

# भूकम्पपीडित अझै पाएनन् त्रिपाल

**हेमन्त केसी/रासस**

जाजरकोट, २२ कात्तिक ।

गत शुक्रबार राति भूकम्प जाँदा निन्द्रामा रहेकी नलगाड नगरपालिका-३ का रमिता थापा हतारहतार दुई छोरा, छोरी च्यापेर घरबाहिर निस्किनुभयो । उहाँ निस्कनेक्रमा खुट्टामा चोट लागेर सामान्य घाइते पनि हुनुभयो । उहाँ अहिले सदरमुकाम खलङ्गाको नयाँ बस्तीस्थित सडकको किनारमा त्रिपाल टाँगेर रात बिताउँदै आउनुभएको छ ।

उहाँलाई अहिले जुन समयमा पनि भूकम्प गइरहेको र शरीर हल्लाइरहेको जस्तो समस्या देखिएको छ । खुल्ला सडकभन्दा माथि त्रासले जान नसक्नुभएका थापाकी १४ वर्षीया छोरीसमेत राति सुतिरहेको समयमा 'हल्लायो हल्लायो' भन्दै समय समयमा बोल्ने गरेको रमिताले बताउनुभयो । भूकम्पले मानसिक त्रासमा रहेका अधिकांश सदरमुकामवासी अहिले सडकको छेउछाउमा त्रिपालको सहारामा रातदिन कटाइरहेका छन् । सदरमुकामदेखि बाहिर घर भएर सदरमुकाम भाडामा बस्दै आएका सर्बसाधारण भाडाकै घर भत्किएपछि समस्यामा परेका छन् ।

राहत सामग्रीस्वरुप आएको त्रिपाल, अन्य सामग्री घरधनिका नाममा आउने गरेपछि सदरमुकामबाहिर ठेगाना भएका पीडित सबैभन्दा बढी मारमा परेको भेरी नगरपालिका-३ थाप्लेका मिलन चदाराले बताउनुभयो । वडा कार्यालयमा त्रिपाल माग्न जाँदा घरधनिबाहेक अन्यले नपाउने भनेपछि आफूहरू हैरानीमा परेको उहाँको भनाइ छ । खुल्ला चौरमा बस्दै आएको मिलनको परिवार अहिले राहत, माग्दामाग्दा हैरान भएपछि हाम्रो कोही रहन्छ जनाउँदै निराश हुनुभएको छ ।

त्यस्तै, अर्का गणेश थापाले वडा कार्यालयमा त्रिपाल माग्न जाँदा नपाएको गुनासो गर्नुभयो । जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारलाई पीडा सुनाएपछि पुन : एक थान त्रिपाल पाएको उहाँले सुनाउनुभयो । सुरुमा क्षति भएको नामावली सङ्कलन गरी हाम्रो पनि लिएको थियो, अहिले हाम्रो नाम लिष्ट छैन भन्दै त्रिपाल नदिने कुरा सुन्दा आफू थप मारमा परेको थाप्लेका झलक मल्लले बताउनुभयो । घर पूर्ण रूपमा भत्किएर समस्यमा परेको उहाँको परिवारले अहिलेसम्म त्रिपालसम्म पाउन सकेको छैन । यो परिवारले घर भत्किएपछि कुनै पनि सामग्री घरबाट निकाल्न नपाएको गुनासो गरेको छ । भूकम्पको केन्द्र रहेको बारेकोट गाउँपालिकामा समस्या रहँदै आएको छ । समयसमयमा भूकम्पको पराकम्प जाने क्रम जारी रहेपछि काममा निस्कने जाँगर नै नचलेको बारेकोट गाउँपालिका-४ का प्रेम बोहराले बताउनुभयो ।

बालबालिका र बृद्ध सबैभन्दा बढी त्रासमा भएको उहाँले बताउनुभयो । घरसँगै विद्यालयसमेत भत्किएपछि बालबालिका थप मानसिक समस्यामा छन् । घर भत्किएको छ भने पढ्न जाने विद्यालयसमेत भत्किएको छ । बिस्तारै विकासको लयमा आउन लागेको जाजरकोटमा भूकम्पले फेरि एकपटक विकासको बाटो बन्द गरिदिएको छ ।

भेरी नगरपालिकामा तीन सय ४४ घर पूर्णरूपमा भत्किएका छन् भने आंशिक सात सय १२, दुईवटा विद्यालय पूर्ण रूपमा भत्किएको र १७ वटा आंशिक रूपमा क्षति भएको छ ।

त्यस्तै भेरी नगरपालिकामा पाँचवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । मृत्युको सङ्ख्या ३६ रहेको छ भने घाइते ६५ रहेको छ । नलगाड नगरपालिकामा दुई सय घर पूर्णरूपमा क्षति भएको र ६ सय घर आंशिक भत्किएका छन् । विद्यालय १२ पूर्ण रूपमा भत्किएका छन्भने आंशिक रूपमा २१ वटामा क्षति पुगेको छ । ६ वटा सरकारी कार्यालयमा क्षति भएको छ । मृत्यु हुनेको सङ्ख्या ५२ रहेको छ । ७३ जना घाइते भएका छन् । छेडागाडमा एक सय घरमा पूर्ण क्षति भएको र आंशिक रूपमा पाँच सयमा क्षति भएको छ ।

तीन विद्यालयमा आंशिक क्षति भएको पाइएको छ । मृत्यु दुईजनाको भएको छभने घाइते एकजना भएको बताएको छ । कुशे गाउँपालिकामा ९५ घर पूर्णरूपमा क्षति भएको छभने तीन सय एकवटा आंशिक रूपमा क्षति पुगेको छ ।

चारवटा विद्यालय पूर्णरूपमा भत्किएका छन्भने १७ वटा आंशिक रूपमा क्षति भएको पाइएको छ । सरकारी कार्यालय एकवटा पूर्णरूपमा भत्किएको छभने १७ आंशिक रूपमा क्षति पुगेको छ । दुईजनाको मृत्यु र एकजना घाइते भएको कुशेमा पाइएको छ । प्रहरीका अनुसार १६० घरहरू पूर्ण रूपमा बारेकोटमा भत्किएका छन्भने पाँच सय ६० घर आंशिकरूपमा क्षति पुगेको छ । पाँचवटा विद्यालय पूर्णरूपमा भत्किएका छन्भने दुईवटा आंशिकरूपमा भत्किएको पाइएको छ । एक सरकारी कार्यालय पूर्ण रूपमा भत्किएको र दुई कार्यालय आंशिक क्षति पुगेको जानकारी प्राप्त भएको छ । चारजनाको मृत्यु तथा चारजना घाइते भएका छन् ।

शिवालय गाउँपालिकामा एक घर पूर्णरूपमा भत्किएको र ३७ वटा घर आंशिक क्षति भएको छ । पाँचवटा विद्यालयमा आंशिक क्षति पुगेको छ । एक सरकारी कार्यालयमा क्षति पुगेको बताएको छ । एकजना घाइते भएका छन् । जुनिचाँदे गाउँपालिकामा दुई सय ७० घर पूर्ण रूपमा भत्किएको र चार हजार ५६ घरमा आंशिक क्षति भएको छ । जाजरकोटमा एक हजार एक सय ७० घर पूर्णरूपमा क्षति भएको पाइएको छ । सात हजार एक सय ६६ वटा घर आंशिक रूपमा क्षति भएको पाइएको छ । २३ विद्यालयको पूर्ण क्षति र ७५ आंशिक क्षति भएको जानकारी आएको छ । एक सय एक जनाको मृत्यु भएको छ । एक सय ५२ घाइते भएको प्रहरीले जनाएको छ ।

# जयनगर-बर्दिबास रेलमार्गको तेस्रो चरणको काम चाँडै

धनुषा, २२ कात्तिक (रासस) ।

भारत सरकारको सहयोगमा निर्माण भइरहेको जयनगर-बर्दिबास रेलमार्गको तेस्रो चरणको काम चाँडै सुरु हुने भएको छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाका अनुसार रेल विभागले सूचना जारी गर्दै महोत्तरीको भङ्गहाबाट बर्दिबाससम्म बाँकी रेलमार्ग निर्माण हुन लागेको छ । रेलमार्गमा पर्ने जग्गामा लगाइएको बालीनाली आगामी मङ्सिर १५ गतेभित्र भित्र्याउन विभागले आग्रह गरेको छ ।

विभागले भङ्गहा (विजलपुरा)-बर्दिबास रेलमार्ग उपखण्ड एवं पूर्वपश्चिम विद्युतीय रेलमार्ग खण्डमा अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरणको काम अन्तिम चरणमा रहेको र सो खण्डमा रेलमार्गको निर्माण कार्य सुरु हुन लागेकाले अधिग्रहण गरिएको जग्गामा लगाइएको बालीनाली भित्र्याउन आग्रह गरेको हो ।

मङ्सिर १५ गतेपछि बालीनाली लगाएमा किसानलाई त्यसको क्षतिपूर्ति नदिने विभागले जनाएको छ । भारतको जयनगरबाट महोत्तरीको बर्दिबाससम्म रेल सञ्चालन गर्न तीन चरणमा काम भइरहेको छ । पहिलो चरणमा जयनगरबाट कुर्थासम्म तथा दोस्रो चरणमा कुर्थाबाट भङ्गहासम्म निर्माण पूरा भई रेल सेवा सञ्चालनमा आइसकेको छ । तेस्रो चरणमा भङ्गहाबाट बर्दिबाससम्म मार्ग निर्माण हुन लागेको हो ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# राष्ट्रिय गौरवको आयोजनाका रुपमा क्रिकेट रङ्गशाला बनाइने

काठमाडौं, २२ कात्तिक (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय गौरवका आयोजनाका रुपमा सरकारले क्रिकेट रङ्गशाला निर्माण गर्ने बताउनुभएको छ।

नेपाल टी-२० विश्वकपमा छनोट भएको उपलक्ष्यमा सम्मान तथा अघिल्ला प्रतियोगितामा घोषणा गरिएको पुरस्कार रकम मंगलबार वितरण गर्दै उहाँले भन्नुभयो, "क्रिकेट रङ्गशालालाई चाँडै राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषणा गर्छौं।"

"सबैभन्दा पहिला तपाईंहरूलाई बधाई छ। तपाईंहरूले उत्कृष्ट प्रदर्शनका साथै नेपालको प्रतिष्ठालाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्नुभएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "दश वर्षपछि नेपाल टी-२० मा छनोट भएको छ, विश्वकपमा पनि राम्रो मेहनत गर्नुहोला।"

नेपाली क्रिकेट टोलीले छनोट चरणको खेलमा राम्रो प्रदर्शन गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले क्रिकेटप्रति नेपाली जनता र युवाको लगाव बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "यो लगावले सरकारलाई पनि उत्प्रेरित गरेको छ। खेलाडीमा अझ बढी हौसला बढाउन, उनीहरूका लागि बढी लगानी गर्न र खेलकुदका अझ बढी पूर्वाधार विकास गर्न हामीलाई प्रेरणा मिलेको छ।"

खेल क्षेत्र देशको प्रतिष्ठालाई बढाउनसक्ने एउटा महत्वपूर्ण क्षेत्र भएको बताउँदै प्रधानमन्त्रीले त्यसमा पनि क्रिकेटको भूमिका मुख्य रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अगाडि बढाउँदै छौं, भरतपुर, मुलपानी र कीर्तिपुरको काम पनि शीघ्र अगाडि बढाइन्छ। यसरी मात्र आम नेपाली खेलप्रेमी जनसमुदायको भावनाको सम्बोधन गर्न सकिन्छ।"

केही कानुनी र प्रक्रियागत समस्याका कारण खेलाडीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने भनिएको पुरस्कार वितरणमा ढिलाइ भएको स्वीकार गर्दै प्रधानमन्त्रीले आगामी दिनमा त्यस्तो नहोस् भन्नेमा सरकार पूर्ण सचेत हुने बताउनुभयो।

नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेलले क्रिकेट खेललाई सरकारले दिएको महत्त्वबाट आफूहरू उत्साहित भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो सम्मानका लागि प्रधानमन्त्री र नेपाल सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछु। सरकारले क्रिकेट खेललाई उच्च प्राथमिकता दिएकामा खुसी छौं।" उहाँले कीर्तिपुर क्रिकेट रङ्गशालामा आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न प्रक्रिया अगाडि बढाएकामा सरकारलाई कृतज्ञता ज्ञापन गर्नुभयो। "सरकारको प्रयासप्रति हामी आभारी छौं। बाँकी काम पनि चाँडै पूरा हुनेमा विश्वस्त छौं", कप्तान पौडेलले भन्नुभयो।

# सर्लाहीका वडाध्यक्ष ज्यान मार्ने उद्योगमा पुर्पक्षका लागी कारागार चलान

**दैनिक समाचारदाता**
**सर्लाही, २२ कात्तिक।**

सर्लाहीको धनकौल गाउँपालिकाका वडा नं. ५ का अध्यक्ष पुर्पक्षमा कारागार चलान भएका छन्। ज्यान मार्ने उद्योगमा वडाध्यक्ष गजेन्द्र महतोलाई सर्लाही जिल्ला अदालतका न्यायाधीश सूर्यबहादुर थापाको इजलासले कारागार चलानको आदेश दिएको हो।

केही महिनाअघि केही व्यक्तिलाई घाइते हुने गरी गाउँमै भएको कुटपिटको घटनामा महतो समेत संलग्न रहेको भनी जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान उद्योगमा मुद्दा दायर भएको थियो।




मुद्दा दायर भएदेखि फरार रहेका महतो मङ्गलबार अदालतमा उपस्थित भएका थिए। न्यायाधीश थापाको इजलासले मुद्दाको अन्तिम फैसला नआउन्जेल वडाध्यक्ष महतोलाई पुर्पक्षमा कारागार पठाउने आदेश गरेको सर्लाही जिल्ला अदालतका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

महतो स्थानीय तह निर्वाचन-२०७९ मा नेकपा माओवादी केन्द्रबाट वडाध्यक्षमा निर्वाचित भएका थिए। सो मुद्दामा अन्य केही व्यक्तिहरू फरार रहेका र तीनको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्वाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानुनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**


## विश्व समाचार

### इन्टरनेट र फोन सेवाबाट एक करोड अस्ट्रेलियाली बञ्चित

सिड्नी, २२ कात्तिक (रासस/एएफपी)।

मुलुकको सबैभन्दा ठूलो सञ्चार कम्पनीमध्येको एउटा कम्पनीमा अज्ञात अवरोधका कारण बुधबार एक करोडभन्दा बढी अस्ट्रेलियाली इन्टरनेट र फोन सेवाहरूबाट बञ्चित भएका छन्। उक्त रहस्यमय गडबडीका कारण इलेक्ट्रोनिक भुक्तानी प्रणाली क्षतिग्रस्त हुँदा एम्बुलेन्स र प्रहरीले प्रयोग गर्ने फोन लाइन अवरुद्ध भए भने मुलुकको सबैभन्दा ठूलो सहर मेलबर्नमा भीडभाड हुने रेलहरूकेही समयका लागि रोकियो। सिङ्गापुरको दूरसञ्चार कम्पनी सिङ्गटेलको सहायक कम्पनी अप्टसले बुधबार दिउँसो 'केही' सेवाहरू पुनःस्थापित गरिएको बताएको छ। यद्यपि उसले गडबडीको कारणबारे बताउन सकेको छैन। "हाम्रो टोलीले अहिले पनि सम्भावित मार्गमा काम गरिरहेको छ, हामीसँग धेरै परिकल्पना थिए र अहिलेसम्म हामीले जति परीक्षण गर्‍यौं र नयाँ कार्य गर्‍यौं तिनीहरूले मूल समस्याको समधान गर्न सकेका छैनन्", कम्पनीका प्रमुख कार्यकारी केली बेयर रोजमरिनले राष्ट्रिय प्रसारक एबिसीलाई भन्नुभयो, "मूल समस्या र पुनःस्थापनाको समय थाहा भएपछि हामी चाँडोभन्दा चाँडो सबैलाई अपडेट गराउने छौं।" उहाँले ह्याकिङका कारण सेवा अवरुद्ध भएको कुनै सङ्केत दिनुभएन। ठिक एक वर्ष पहिला साइबर आक्रमणमा ९० लाखभन्दा ग्राहकको व्यक्तिगत डाटा चोरी भएको थियो। छुट्टै विज्ञप्तिमा कम्पनीले सबै सेवाहरू पुनः सञ्चालन गर्न केही घन्टा लाग्न सक्ने बताएको छ। अस्ट्रेलियाली सरकारले मोबाइल फोन, ल्यान्डलाइन र ब्रोडब्यान्ड इन्टरनेट प्रभावित भएको बताएको छ। एक करोडभन्दा बढी ग्राहक भएको अस्ट्रेलियाको दोस्रो सबैभन्दा ठूलो दूरसञ्चार कम्पनी अप्टसले स्थानीय समयानुसार बिहान करिब ४:०५ बजे सेवा अवरुद्ध भएको थाहा पाएको बताएको छ। इन्जिनियरहरूले समस्या समाधान गर्न प्रयास जारी राख्दा नौ घन्टासम्म व्यापक समस्याहरूले अप्टस नेटवर्कलाई दुःख दियो।

### सिरियामा आइएसको आक्रमणमा सरकार समर्थक ३० सैनिकको मृत्यु

बेरुत, २२ कात्तिक (रासस/एएफपी)।

इस्लामिक स्टेट (आइएस) समूहको आक्रमणमा सिरियाली मरुभूमिमा सरकार समर्थक कम्तीमा ३० सैनिकको मृत्यु भएको एक युद्ध पर्यवेक्षकले बुधबार बताएका छन्। उक्त आक्रमण यो वर्षको सबैभन्दा घातक आक्रमणमध्येको एक भएको बताइएको छ। "सिरियाली मरुभूमिमा बुधबार बिहान सैन्य चौकीहरूमा इस्लामिक स्टेट समूहले गरेको आक्रमणमा चार सैनिक र २६ रक्षा फौजसहित ३० जनाको मृत्यु भएको थियो", बेलायतमा रहेको सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले भनेको छ। जमिनमा स्रोतहरूको विशाल नेटवर्क भएको राक्का, होम्स र डेर एजोरका बीच भागहरूमा आक्रमण भएको अब्जर्भेटरीले उल्लेख गरेको छ। अब्जर्भेटरी प्रमुख रामी अब्देल रहमानले घाइतेहरूको अस्पष्ट सङ्ख्यालाई उद्धृत गर्दै मर्नेहरूको सङ्ख्या बढ्नसक्ने बताउनुभयो। उहाँका अनुसार घाइतेमध्ये केहीको अवस्था चिन्ताजनक छ। आइएसले सन् २०१४ जुनमा सिरिया र इराकका ठूलो भूभागमा 'क्यालिफेट' (मोहम्मदको मृत्युदेखि १३औं शताब्दीसम्म इस्लाम उत्थानको युग) को घोषणा गर्दै आतङ्कको शासन सुरु गर्‍यो। यो सन् २०१९ मा सिरियामा क्षेत्रीयरूपमा पराजित भएको थियो तर यसका अवशेषहरूले विशेषगरेर मरुभूमिका गुप्त स्थानबाट घातक 'आक्रमण गर र भाग' नीति प्रयोग गर्दै आएका छन्। राष्ट्रपति बशर अल-असदको सरकारले सन् २०११ मा शान्तिपूर्ण प्रजातन्त्र समर्थक विरोध प्रदर्शनलाई दबाएपछि सिरियामा युद्ध सुरु भएको छ। युद्ध सुरु भएपछि यसमा विदेशी शक्ति र वैश्विक जिहादीहरूलाई समावेश गरिएको छ। युद्धमा पाँच लाखभन्दा धेरै मानिस मारिएका छन् र सिरियाको युद्धपूर्वको आधा जनसङ्ख्या आफ्नो घरबाट विस्थापित भएका छन्।

### गाजाका लागि नयाँ सहर स्वीकृत

तेल अविव (इजराइल), २२ कात्तिक (रासस/एएनआई)।

इजराइलको आन्तरिक मन्त्रालयले गाजा नजिकैको टि'कुमा (पुनर्जन्म) क्षेत्रमा नयाँ सामुदायिक बस्ती बनाउने योजना घोषणा गरेको छ। उक्त क्षेत्रमा अक्टोबर ७ मा हमासले आक्रमण गरेको थियो। नयाँ सहरलाई 'हानुन' (दयालु) भनिने छ र यो एसडिओटी नेगेभ क्षेत्रीय परिषद्को भाग हुनेछ। उक्त सहरमा करिब पाँच सय परिवारको मिश्रित तथा धर्म निरपेक्ष जनसङ्ख्या रहने छ। "योजनालाई स्वीकृति दिनु इजराइली दायरा (गाजा नजिकको क्षेत्र) लाई बलियो बनाउने दिशामा थप एक कदम हो", निर्माण तथा आवासमन्त्री यित्ज्याक गोल्डनोफले भन्नुभयो, "हालका दिनमा म उत्तर र दक्षिणमा सङ्घर्ष द्वन्द्वग्रस्त बस्तीहरूको भ्रमण गर्दैछु, मुलुकमा सुरक्षा र बस्ती प्रवर्द्धनको आवश्यकता छ भन्नेबारे स्पष्ट आवाज आएको छ।" बुधबारको स्वीकृतिले यसको जवाफ दिने र देशको निर्माणलाई अगाडि बढाउने उहाँले बताउनुभयो। "निर्माण तथा आवास मन्त्रालयले बस्तीको योजना, निर्माण, विकास र सुदृढीकरणको कामलाई निरन्तरता दिनेछ", उहाँले भन्नुभयो।

### बंगलादेशमा डेङ्गुबाट एक हजार चार सयको मृत्यु, तीन लाख सङ्क्रमित

ढाका, २२ कात्तिक (रासस/सिन्ह्वा)।

यो वर्षको ११ महिनाभन्दा कम अवधिमा लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गु ज्वरोले बङ्गलादेशमा एक हजार चार सयभन्दा धेरै मानिसको मृत्यु भएको छ भने करिब तीन लाख सङ्क्रमित भएका छन्। स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएचएस) को पछिल्लो आँकडाअनुसार यो वर्ष डेङ्गुको प्रकोप चिन्ताजनक अवस्थामा पुगेको छ। नोभेम्बर ७ सम्म कूल दुई लाख ८३ हजार पाँच सय ९३ सङ्क्रमित भएका छन् भने एक हजार चार सय २५ को मृत्यु भएको छ। महानिर्देशनालयले यो वर्ष जुलाईमा दुई सय चार, अगस्टमा तीन सय ४२, सेप्टेम्बरमा तीन सय ९६, अक्टोबरमा तीन सय ५९ र नोभेम्बरमा ७७ जनाको डेङ्गुबाट मृत्यु भएको जनाएको छ। गत महिना ६७ हजार सात सय ६९ मानिसमा डेङ्गु सङ्क्रमण भएकामा नोभेम्बर १ देखि ७ सम्म थप १२ हजार चार सय १८ जना सङ्क्रमित भएका छन्। बङ्गलादेशमा सेप्टेम्बरमा डेङ्गुका केसमा उच्च वृद्धि भएको थियो। उक्त महिनामा ७९ हजार पाँच सय ९८ नयाँ सङ्क्रमण र तीन सय ९६ जनाको मृत्यु भएको थियो। व्यापकरूपमा डेङ्गु फैलिएपछि चीनले मङ्गलबार बङ्गलादेशलाई डेङ्गुबिरोधी आपत्कालीन आपूर्तिको समूह प्रदान गरेको छ।

# वडा कार्यालयमा तालाबन्दीका सेवाग्राहीलाई सास्ती




**दैनिक समाचारदाता**
**राजविराज, २२ कात्तिक ।**

सप्तरीको विष्णुपुर गाउपालिका वडा नं. ६ मा स्थानीय एक पक्षद्वारा गरेको तालाबन्दीका स्थानीय सेवाबाट बञ्चित भएका छन् ।

आर्थिक अनियमितता भएको भन्दै विगत ९ दिनदेखी वडा कार्यालयमा तालाबन्दी गरिएको हो । पोखरी ठेक्का, जीर्णोद्वार, फनिचर खरिद, ग्राभेल सडक निर्माण तथा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लगायतका शिर्षकका वडाअध्यक्ष यादवले आर्थिक अनियमितता गरेको भन्दै स्थानीय राजेश कुमार रायको संयोजकत्वमा गठित संर्घष समितीको अगुवाईमा कार्तिक १४ गते वडा कार्यालयमा तालाबन्दी गरिएको थियो ।

तालाबन्दी खुल्न नसक्दा अत्याआवश्यक कामले वडा कार्यालय पुग्ने सेवाग्राही निराश भई फर्किने गरेका छन् ।

बुधवार पत्रकार महासंघ सप्तरीको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी वडा अध्यक्ष यादवले राजनीति प्रतिशोध साध्न झुटो आरोप लगाई तालाबन्दी गरेको दाबी गरे ।

तालाबन्दी खुलाउन पहल थालेका वडाअध्यक्ष परमानन्द यादवले विपक्षीले तालाबन्दी गर्दा सेवाग्राही मारमा परेको भन्दै सत्यतथ्य बुझी तालाबन्दी खुलाउन पहलका लागी सबै संग आग्रह समेत गरेका छन् ।

वडाअध्यक्ष यादव गत स्थानीयतहको निर्वाचनमा नेपाली कााँग्रेसबाट निर्वाचित भएका थिए । हाल संघर्ष समितिका संयोजक बनेका राय त्यतीखेर जसपाबाट वडाअध्यक्षको उम्मेदवार भई निकटतम प्रतिद्वन्दी बनेका थिए । पराजित मानसिकताले आफुलाई बदनाम गर्न र हारेको बदला लिन झुटो आरोप लगाई तालाबन्दी गरिएको वडा अध्यक्ष यादवको कथन छ ।

बिना कुनै जानकारी आफू बाहिर रहेको बेला कार्यवाहक वडा अध्यक्ष रीता देवी सदालाई कार्यकक्षबाट निकालेर तालाबन्दी गरिएको कार्य अराजकताको पराकाष्ठा रहेको बताए ।

उनले आफुमाथी लगाइएको आरोप प्रमाणित गर्न चुनौती दिदै तालाबन्दी नखोलिए प्रशासनको सहयोग र स्थानीयवासीको रोहबरमा तालाबन्दी खुलाउने चेतावनी समेत दिए ।

पत्रकार सम्मेलनमा उपस्थित सदस्य सदाले राय नेतृत्वको टोलीलाई वडा अध्यक्ष आएपछी वार्ताबाट समस्या समाधान गरिने आग्रह गर्दा पनि नमानेको र बाहिर निकालेर तालाबन्दी गरेको सुनाईन ।

यता संघर्ष समितीका संयोजक रायले आफूहरुले वडा अध्यक्ष सँग वडा कार्यालयबाट सम्पन्न भएको योजनाहरुको आयब्यय माग्दा वेवास्ता गरेको दाबी गर्दै सोही कारणले तालाबन्दीमा उत्रिनु परेको बताएका छन् ।

# सुनचाँदीका गरगहना र भारतीय रुँपैयासहित तीन पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २२ कात्तिक ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका १ खाँडो खोला क्षेत्रबाट सुन चाँदीका गरगहना र भारतीय रुपैया सहित तीन जनालाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा काठमाडौं महानगरपालिका वडा नं. १० का १६ वर्षिय रिकेश श्रेष्ठ, लमजुङ्गको राइनास गाउँपालिका २ का १८ वर्षिय रोशन शाही ठकुरी र रामेछापको सुनपाती गाउँपालिका ६ का १७ वर्षिय उत्सव पाण्डे छन् ।

सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट तिलाठीबाट खटेको टोलीले भारतबाट नेपालतर्फ आउदै गरेको उनीहरुमाथी शंका लागी चेकजाँच गर्दा झोलाबाट ३१ ग्राम सुन र १ सय ८८ ग्राम चाँदीको गरगहना बरामद गरेको छ ।

यस्तै उनीहरुको साथबाट ४ थान मोवाइल तथा भारतीय रुपैया ३ लाख ५५ हजार ३ सय ५१ रुपैया (नेपाली रुपैया ५ लाख ६८ हजार ५ सय ६३) समेत बरामद भएको सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हडक्वाटरका सूचना अधिकारी प्रहरी नायब उपरिक्षक मोहन राज विस्टले जानकारी दिए ।

उनीहरु तीन दिन अघि नै पक्राउ परेपनि अनुसन्धानका लागी पठाइएको इटहरी स्थित राजश्व अनुसन्धानका कार्यालयबाट बुधवार मात्र सुन चाँदी र त्यसको तौल पुस्टी भएको विवरण प्राप्त भएकाले ढिलो गरी घट्ना विवरण सार्वजनिक गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

**बालबालिकाको खानपानः अभिभावकले दिनु पर्छ ध्यान**

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पाँच राउण्ड राइफलको गोलीसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजबिराज, २२ कात्तिक ।**

सप्तरी प्रहरीले दुई युवकलाई पाँच राउण्ड राइफलको गोलीसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहा लक्ष्मिपुर पतारी गाउँपालिका २ बस्ने १९ वर्षिय धर्मजीत कुमार यादव र सप्तरीको खडक नगरपालिका ११ बनौली बस्ने १८ वर्षिय हरी शंकर कुमार यादव छन् ।

प्रहरीका अनुसार मंगलबार जिल्लाको खडक नगरपालिका ११ बनौलीस्थित हुलाकी सडक खण्डमा बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलिले उनीहरुको साथबाट ५ राउण्ड राईफलको (३०३) गोलि फेला पारेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक ढुण्डिराज नेउपानेका अनुसार पक्राउ परेका दुबै जनालाई मुलूकी अपराध संहिता २०७४ अन्तर्गत हातहतियार तथा खरखजना सम्बन्धी कसूरमा सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप गराई अनुसन्धान कार्य भईरहेको जनाएका छन् ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*